परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १९ २०८१ पौष १४ आईतवार Sunday 29, DEC 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## क्रिकेटर ललितलाई ५१ हजारको पुरस्कार दिने वडाअध्यक्ष महतोद्धारा घोषणा

विराटनगर । पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगितामा उत्कृष्ठ खेल प्रदर्शन गरेका विराटनगर महानगरपालिका वडा नं. १४ निवासी ललित नारायण राजवंशीलाई सो वडाका वडाअध्यक्ष सुर्यनारायण महतोले सम्मान गर्दै ५१ हजार राशीको नगद पुरस्कार प्रदान गर्ने घोषणा गरका छन् ।



क्रिकेटर ललितलाई सम्मान गर्दै विराटनगर-१४ का वडाअध्यक्ष सुर्यनारायण महतो साथमा १० नं. वडाधयष अर्जुन गिरी, ८ नं. वडाअध्यक्ष राम पोखरेल र १८ नं. वडाअध्यक्ष जितेन्द्र प्रसाद साह लगायत अतिथीहरु ।

विराटनगर महानगरपालका वडा नं. १४ का वडाअध्यक्ष महतोले वडा कार्यालयमै सम्मान कार्यक्रमको आयोजना गरी क्रिकेटर राजवशीलाई दोसल्ला ओढाई फूलमाला, अविर, खादा लिएर सम्मान गर्दै सो पुरस्कार घोषणा गरेको हो ।

सम्मान कार्यक्रमका प्रमुख अतिथी नेकपा एमालेका केन्दिय सदस्य रामलाल साह लगायत अतिथीहरुले फूलमाला लगाएर सम्मान गरेको थिए । सम्मान कार्यक्रमकम बोल्दै प्रमुख अतिथीले भने खेलाडीको कुनै जात र धर्म हुँदैन त्यसैले खेलाडीलाई सबैले सम्मान गर्नु पर्ने भन्दै समाजमा राजवंशी जस्ता धेरै खेलाडीहरु ओझेलमा परेका छन तिनीहरुको संरक्षण र सम्वर्द्धन स्थानीय, प्रदेश र संघिय सरकारले गर्नु पर्ने वताउनु भयो ।

हालै सम्पन्न नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामा जनकपुर बोल्टसवाट खेलेका राजवंशीले कुल १० खेलमा ४० ओभर बलिङ गरेका थिए । सोही क्रममा १७ विकेट हात पार्न सफल भएका थिए । त्यही क्रममा ५ ओभर मेडन राखेका उनले २ सय १३ रन खर्चिएका थिए । मंगलवार विराटनगर आइपुगेका क्रिकेटर राजवंशीलाई विहीवार वडा अध्यक्ष लगायत प्रमुख अतिथी, अतिथी, राजनीतिक दलका प्रतिनिधीहरुले सम्मान गरेका छन् ।

उक्त सम्मानन कार्यक्रमा समाज सेवी जयप्रकाश महतोले स्वागत मन्तव्य दिदै राजवंशीको उज्वल भविष्यका

वांकी अन्तिम पेजमा...

## लोकतन्त्रलाई सुदृढिकरण गर्नु पर्ने : मुख्यमन्त्री

बिराटनगर । सुशासनको माध्यमबाट लोकतन्त्रलाई सुदृढिकरण गर्नु पर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताएका छन् ।

इलामको चुलाचुली गाउँपालिकाको चपेटीमा नेकपा एमाले दमक नगर कमिटीले आयोजना गरेको वनभोज कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले सहकारीको अरबौं अरब रकम लुट्ने हरुले देशको 'सिस्टमलाई नै च्यालेन्ज' गरिरहेको बताउँदै 'जनताले आधा पेट खाएर सहकारी जम्मा गरेको रकम लुट्न कुनै लुटेरालाई छुट छैन सबैलाई कानुनको दायरा आउनु पर्छ ।' सहकारीको रकम हिनामिना र ठगीमा एमाले, काँग्रेस वा रास्वपा अन्य कोही भएपनि छोड्न नहुने उहाँको भनाइ छ ।

देशमा राजनीतिक समस्या हरु आएको, लोकता- न्त्रिक शासन प्रणाली, कानुनी राज र संविधानको सर्वोच्चता माथि हस्तक्षेप गर्ने र सिस्टममाथि नै कालो पोत्ने प्रयासहरु भइरहेको चर्चा गर्दै मुख्यमन्त्री कार्कीले भने त्यसलाई अन्त्य गर्दै लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्दै सुशासनको माध्यमबाट लाग्नु पर्ने वताएका थिए । यही कारण न्रै दुई ठुला दलहरु मिलेर संघदेखि प्रदेशसम्म सरकार गठन गरेको उहाँको जिकीर थियो । मुख्यमन्त्री कार्कीले भन्नुयभो- लोकतन्त्र, सुशासन र लोकतन्त्रविरुद्धका गतिविधि लाई परास्त गर्न अहिलेको

वांकी अन्तिम पेजमा...

## कानुन व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन शुरु

विराटनगर । नेपाल बार एशोसिएशनद्वारा आयोजना हुन लागेको कानून व्यवसायी महिलाहरुको ३१ औं राष्ट्रिय सम्मेलन भोली देखि विराटनगरमा शुरू भएको छ ।

महिलाको समानुपातिक समावेशी सहभागिता, न्यायको पहुँचमा सुनिश्चितता" भन्ने मूल नाराका साथ शुरु भएको सम्मेलन आजै सम्पन्न हुनेछ ।

उक्त सम्मेलनमा महिलाको समानुपातिक सहभागिता अवसर र चुनौती, कानून व्यवसायी महिलाको पेशागत अवस्था, चुनौती र आर्थिक सवलिकरण, लैगिंक तथा यौनजन्य हिंसा पीडितको न्यायमा पहुँचको अवस्था, पुनर्स्थापना, नि:शुल्क कानूनी,सेवा, न्यायिक समितिको क्षेत्राधिकार तथा मेलमिलाप, विवाद समाधानका चुनौतीहरु, वातावरण परिवर्तनको प्रभावले महिलामा पार्ने असरहरु, वित्तीय क्षेत्रमा रहेका संभावना र चुनौती, प्रजनन स्वास्थ्य अधिकार, सूचना तथा प्रविधिमा महिलाको पहुँच लगायतको विषयमा कार्यपत्र प्रस्तुत भई छलफल शुरु भएको छ ।

देशभरमा २२ हजार कानुन

वांकी अन्तिम पेजमा...

## हातखुट्टा बाँधि बलात्कार गरेको आरोपमा एक भारतीय सहित तीन जना पक्राउ

विराटनगर । हातखुट्ट बाँधी बलात्कार गरको आरोपमा प्रहरीले १ जना भारतीय नागरिक सहित ३ जनालाई पक्राउ गरका छन् ।

पक्राउ पर्नेमा जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. २ बस्ने महमद जिक्रिहल को छोरा बर्ष २० को महमद रमजान, शंकर साहको छोरा बर्ष १९ को सुनिल कुमार साह र भारत विहार राज्य अररिया जिल्ला कुसकिट्टा ग्राम पंचायत वडा नं. ९ हस्तचोक घर भई हाल कटहरी-२ ग्यारेजमा काम गर्ने महमद जबरको छोरा बर्ष १८ को महमद गुल्जर रहेका छन् ।

उनीहरु उपर अपहरण, शरिर बन्धक राखी ज्यान मार्ने उद्योग गरी जबरजस्ती करणी मुद्दामा सम्मानित मोरङ जिल्ला अदालत विराटनगर बाट म्याद थप गरी थप अनुसन्धान भईरहेको छ ।

घटनाको विवरण अनुसार कटहरी गाउँपालिका-२ कदमगाछी गाउँको बाँसघारीमा मंगलवार हातखुट्टा बाधिएको, मुखमा कपडा कोचिएको अवस्थामा अचेत भेटिएकी महिलाको बलात्कार भएको खुलेपछि सोही दिन बलात्कार गरको आरोपमा १ भारतीय नागरिक सहित ३ जनालाई प्रहरीले पक्राउ गरको थियो । मंगलवार विहानै घरवाट निस्किएकी एक महिला दिउँसो हातखुट्टा बाँधिएको मुखमा कपडा कोचिएका अचेत अवस्थमामा भेटिएकी थिइन । ती महिला कटहरी २ कदमगाछी स्थित वाँस घारीमा भटिएको जिल्ला प्रहरी

वांकी अन्तिम पेजमा...



## क्रिकेटर...

कामना गरको थिए । त्यसैगरी नेकपा एमालेका नेता कृष्ण गिरी, जसपा जिल्ला सदस्य मन्तलाल यादव, नेपाली कांग्रेसका प्रतिनीधि दिलिप यादव, वडा नं. १८ का वडाअध्यक्ष जितेन्द्र प्रसाद साह वडा नं. ८ का वडाअध्यक्ष राम पोखरेल, वडा नं. १० का वडाअध्यक्ष अर्जुन गिरी लगायतले क्रिकेटर राजवंशीको उज्वल भविष्यको कामना गर्दै अगामी दिनमा उच्चमनोवलका साथ क्रिकेट खेल्न आग्रह गरेका थिए ।

सोही अवसरमा क्रिकेटर राजवंशीले स्थानीय सरकार विराटनगर महानगरपालिका सबै वडाहरुमा क्रकेट खेल्न फिल्डको व्यवस्था र क्रिकेट लगायत अन्य खेलका सामग्रीहरु उपलब्ध गराई जुनसुकै खेलका खेलाडी हरुलाई प्रोत्साहन गर्न आग्रह गरका थिए ।

सम्मान कार्यक्रममा क्रिकेटर ललित राजवंशीका वुवा, जय नरायाण राजवंशी, दाजु युगलकिशोर राजवंशी, रामकिशोर राजवंशी दिदी सुमन देवी राजवंशी लगायत परिवारहरुको उपस्थित रहको थियो । सो कार्यक्रम वडा अध्यक्ष महतोका अध्यक्षातामा सम्पन्न भएको थियो ।

## हातखुट्टा...

कार्यालय मोरंगको डिएपी वेदप्रकार जोशीले जानकारी गराएका थिए ।

हातखुट्टा बाधिएको, लुगा च्यातिएको, मुखमा कपडा हाली पट्टी बाँधिएको अचेत अवस्थमा फेला परेकी महिलालाई प्रहरीले फेला पारी उपचारको लागि कोशी अस्पताल उपचारको लागि पठाएको थियो । उनी होसमा आएपछि प्रहरीले ती महिलासंग घटना बारेमा सोधपुछ गरी अनुसन्धा प्रक्रिया प्रहरीले अगाडी बढाएको थियो ।

घटना स्थलका अवस्था हेर्दा पिडित माथि जवरजस्ती करणी भएको देखिएको थियो । पिडीतसंग सोधपुछ गरी होलियाका अनुसार तीनजना लाई पक्राउ गरिएको थियो ।

## लोकतन्त्रलाई...

गठबन्धन बनेको हो ।' उहाँले अहिले प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध अफवाह फैलाउँदै विभिन्न लान्छान लगाउने काम भइरहेको भन्दै उहाँले देशका सबै नेताहरुका सम्पत्ति छानबिन गर्न चुनौति दिएका थिए ।

सुशसान कायम गर्दै देश विकासमा संघमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार र प्रदेशमा आफूले काम गरिरहेको बताउँदै मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले सामर्थ्य र राजश्वले भ्याएसम्म विकासलाई तीव्र बनाउने सवैलाई विश्वास दिलाएको थियो ।

## कानुन...

व्यवसायी मध्ये करीब ४ हजार महिला कानुन व्यवसायी रहेकोछ । सम्मेलनमा १ हजार भन्दा बढी कानुन व्यवसायीहरूको सहभागीता रहेका छन ।

# दुई सयलाई न्यानो कम्बल वितरण

बिराटनगर । बिराटनगर महानगर पालिका-१६ स्थित दुर्गा मन्दिर परिसरमा सामुदायिक प्रहरी सेवा केन्द्र रानीको आयोजनामा न्यानो कपडा कम्बल बितरण गरिएको छ ।

पुस १२ गते समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत भएको उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीको प्रमुख आतिथ्यता तथा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेको विशिष्ट आतिथ्यता मा न्यानो कपडा कम्बल बितरण गरिएको थियो ।

इलाका प्रहरी कार्यालय रानीको सहकार्यमा संचालन भएको उक्त कार्यक्रममा बिराटनगर महानगरपालिका १२, १३, १४, १५, १६ र १७ नम्बर वडामा वसोवास गर्ने अल्पसंख्यक, जेष्ठ नागरिक, फरक क्षमता भएका र एकल महिलाहरु समेत २ सय जनालाई न्यानो कपडा कम्बल वितरण गरिएको थियो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुदै प्रदेश प्रहरी प्रमुख राजन अधिकारीले हामी बिभिन्न जातजाती, भाषा, धर्म र सस्कृतिको भएता पनि समाजमा भावनात्मक रुपमा सबै समान रहेको हुँदा एक ले अर्कोलाई सकेको सहयोग गर्नु, हामीमा प्रेमको भाव हुनु मानव जातिको परम धर्म र कर्तब्य रहेको बताउनु हुँदै हाम्रो समाज बिभिन्न समस्या र अभावहरुसँग लडिरहेको अवस्थामा मानव सेवामा समर्पित न्यानो कपडा बितरण पुन्य कर्म रहेकोले यस्ता किसिमका समाजसेवी कार्यहरुमा विभिन्न संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी कोशी प्रदेश प्रहरी निरन्तर मानव सेवामा लागिरहने बताएका थिए । वहाँले यस पुनित कार्यमा सहयोग पुऱ्याउनु हुने सामुदायिक सेवा केन्द्र रानी र समित शारडा स्मृती प्रतिष्ठान लाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा कोशी प्रदेश प्रहरी गण विराटनगरका प्रमुख प्रहरी उपरीक्षक प्रदिप बहादुर क्षेत्री, जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरिया, सामुदायिक सेवा केन्द्र रानीका अध्यक्ष किशोर सुव्वा, समित शारडा स्मृति प्रतिष्ठानका अध्यक्ष श्री निवास सारडा, बिराटनगर महानगरपालिका १५ र १६ का वडा अध्यक्ष, स्थानियबासी, संचारकर्मी लगायत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारी हरुको उपस्थिति रहेको थियो ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

## चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मोरनिंगवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔं ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।
- सभ्य रुपमा चाडपर्व मनाऔं ।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

विराटनगर महानगरपालिका
महानगर कार्यापालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश

## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

- सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृषिमा प्रयोग गरौ। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्कात मर्मत संभार गराऔं । सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं ।

- आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं । अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।

- वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अबरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं। जलवायु परिवर्तनप्रति सचेत रहौं । वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेबसाइटको सूचनाहरुबाट सु-सूचित रहौं ।

खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# न्यायिक क्षेत्रमा महिलाको पहुँच

महिला कानुन व्यवसायीहरुको ३१ औं राष्ट्रिय सम्मेलन शनिवार विराटनगरमा शुरु भई आज सम्पन्न हुँदैछ। नेपालको कानूनी क्षेत्रको विकास र लैंगिक समानताको अभियानमा एक ऐतिहासिक माइलस्टोन बनेको छ। यो सम्मेलनले महिलाहरूको कानूनी क्षेत्रमा भूमिका मात्र होइन, उनीहरूको योगदान र संघर्षलाई पनि व्यापक रूपमा उजागर गर्ने छ। नेपाल जस्तो परम्परागत र पुरुष प्रधान समाजमा महिलाहरूले आफ्नो उपस्थितिलाई स्थापित गर्दै न्यायिक संरचनालाई सुदृढ बनाउन खेलेको भूमिका प्रशंसनीय छ। कानूनी क्षेत्रमा महिलाको प्रवेशले नेपाली समाजमा न्याय र समानताको बहसलाई नयाँ आयाम दिएको छ।

संरचनात्मक असमानता, सामाजिक पूर्वाग्रह, र आर्थिक अप्ठ्याराले गर्दा महिलाहरू कानूनी क्षेत्रमा कम सहभागी रहेका छन्। अहिले पनि नेपालमा करीब २२ हजार कानुन व्यवसायी रहेकोमा महिलाका संख्या ४ हजार मात्र छ। जसमध्ये कानुन व्यवसायी पेशा अगालेको ४ देखि ५ सय मात्र रहको छ। केही सरकारी जागिर तिर लागेका छन भने अन्य समाजिक परिवेशले गर्दा घर धन्धामा रहको छ। सम्मेलनमा घरेलु हिंसा, लैंगिक हिंसा, मानव तस्करी, र बाल अधिकारका मुद्दामा महिलाहरूले खेलेको नेतृत्व भूमिकाको चर्चा उठान गरको छ।

यस सम्मेलनले नेपाली कानूनी क्षेत्रमा महिलाको भूमिकालाई पुनर्परिभाषित गर्दै न्यायको पहुँचमा लैंगिक दृष्टिकोणलाई मुख्यधारमा ल्याउन मद्दत गरेको छ। महिला कानून व्यवसायीहरूको पेशागत अवस्था सुधार गर्न दीर्घकालीन योजना, कानूनी शिक्षामा सुधार, र महिलाका लागि समान अवसर सुनिश्चित गर्न आवश्यक छ। ३१ औं सम्मेलनले कानूनी प्रणालीलाई समावेशी बनाउँदै समाजमा न्याय र समानताको नयाँ अध्याय सुरु गर्न प्रेरणा दिने समाजले विश्वास लिएको छ।

# नेतृत्वमा महिला पुग्नुको अर्थ ?

*एक जना महिलाले नेतृत्व गर्दा अरू महिलालाई त्यो स्थान आफ्नो पनि हो भन्ने लाग्छ। अनि लाग्छ कि कोही पुगिसकेको ठाउँमा म पनि किन पुग्न सक्दिनँ ? त्यसैले पत्रकार महासंघमा निर्मला शर्माले बनाएको स्थान पत्रकार महिलाका लागि प्रेरणा र आशाको गोरेटो हो।*

पत्रकार महासंघको चुनाव पछि मतगणनाको लागि मतपत्र पत्रकार महासंघमा लगिएको थियो। जाँदाजाँदै अँध्यारो देखिएको भवनको गेटमै बाला अधिकारी बिजुली किन आएन भनेर मिटर हेर्नेदेखि फोन गरेर बुझ्न लागिरहेकी थिइन्। दुई दशक पत्रकारिता गरिसकेको अनुभवले कुनै स्थानमा डर लाग्ने कुरै भएन।

तर मत गन्न रातभर बस्दा अनिंदो र भोकोभन्दा बढी रातको २/३ बजे पनि एक किसिमको सन्तुष्टि र खुशीले मलाई यो लेख्न प्रेरित गरिरहेको थियो। महासंघको अध्यक्षको उम्मेदवार थिइन्, निर्मला शर्मा। महिला उठ्दा महिला नै चाहिने त होइन तर मतगणनामा पुरुष जत्ति नै महिला पनि थिए त्यहाँ।

त्यसमा उनीहरूको आत्म विश्वास ह्वात्तै बढेको थियो। यो स्थान र घर हाम्रो पनि हो र हामी यहाँ सुरक्षित छौं भन्ने धेरैको अनुहारले बोल्थ्यो। रातभर मतगणना गर्नु मात्र हैन, नतिजा सुन्न र खुशी मनाउन समेत महिलाहरू बढी नै आएका थिए। राति ३/४ बजे घर फर्कंदा समेत उम्मेदवारले नै 'यति राति कसरी जान्छौ, बस' भन्दा मेरो इनड्राइभ ट्याक्सी आइसकेको थियो।

ल राति पनि पठाओ चल्छ र ? रातभर जतिबेला भन्यो उतिबेला सवारी साधन पाइन्छ भन्ने थाहा हुन पनि धेरैलाई मतगणनामा बस्नु पर्‍यो। धेरैले पठाओ मगाएर घर गए। मत गन्नेदेखि नतिजा घोषणाको दिनसम्म रातभर नै पत्रकार महिला आउने-जाने क्रम जारी रह्यो। केही पत्रकार पुरुषले आरक्षण खोज्न आउनु समेत भनेर व्यङ्ग्य पनि गरे।

यसको अर्थ हो महिलाले नेतृत्व गर्दा कसरी समग्र महिलालाई त्यो स्थान आफ्नो लाग्छ र आत्मविश्वास बढ्छ भन्ने हो। पछाडि आउनेलाई लाग्छ अगाडि कोही पुगिसक्यो त म पनि किन सक्दिनँ ? त्यसैले पत्रकार महासंघमा निर्मला शर्माले बनाएको बाटो धेरैको लागि आशा र साहसको बाटो हो।

निर्मला शर्मा चुनाव लड्दा साथमा पुरुष कमै हिंडे। महिला हिंड्न पाउनुले खुशी त पक्कै हुन्थ्यो तर पुरुष पनि साथै भए हुने भन्ने हामीलाई लागि नै रह्यो। किनकि धेरै अध्यक्ष पुरुष हुँदा हामी सुनधाराका गल्लीदेखि प्रज्ञा-प्रतिष्ठानसम्म भोट माग्न सँगै हिंडेका थियौं।

पत्रकारितामा महिलाको संख्या बढाउने र एकीकृत गर्ने उद्देश्यले शुरू भएको सञ्चारिका समूहको अहिलेको मूल उद्देश्य पत्रकार महिलालाई नेतृत्वमा पुऱ्याउने भन्ने हो। यसमा पूर्व अध्यक्ष बन्दना राणा, बविता बस्नेतदेखि सबै सदस्यको आ-आफ्नो भूमिका छ।

हाम्रो पालामै पनि पत्रकारिता महिलाको लागि होइन अर्को जागिर खोज भन्ने पत्रकार पुरुष नै थिए भने हामीभन्दा पहिला काम गर्ने दिदीहरूको दुःख बयान नै गर्न सकिदैन। एक वर्षअघि हामीले चार प्रदेशमा नेतृत्व विकास तालिम गर्दा धेरै पत्रकार महिलाले आफूले सक्ने पद पनि दाबी नगरेको र कुनै पद दिंदा समेत चलाउन सक्ने आत्मविश्वास नभएको बताएका थिए। निर्मला शर्माको जितले भने अहिले स्थिति बदलिंदै गएको संकेत गरेको छ।

सञ्चारिका समूहले वर्षेनि सम्पादकसँग छलफल कार्यक्रम गरिनै राख्थ्यो। पहिला सम्पादकहरू भन्थे 'रातिसम्म महिला बस्दैनन्, काम गर्न सक्दैनन्।' अघिल्लो वर्षको छलफलमा एक सम्पादकले भने, 'महिलालाई काम लगाउन सकिंदैन।'

अर्का सम्पादकले भने 'केटाहरू बहाना बनाउँछन् बरु केटीहरूलाई काम लगाउन सजिलो छ। हाम्रोमा धेरै प्रमुख भनिएका समाचार महिलाले नै लेखिरहेका छन्।' यसले पनि के देखाउँछ भने हाम्रा समाचार कक्ष समावेशी भएका छन् र विस्तारै महिलालाई काम गर्ने वातावरण बन्दैछ।

त्यसो त आरक्षण र अवसर फरक कुरा हुन्। नसक्नेलाई सक्ने बनाउन आरक्षण र सक्नेलाई प्रमाणित गर्न अवसर आवश्यक छ। जब आरक्षणको प्रावधान आयो पत्रकार महासंघमा पनि आरक्षणको कोटा आयो।

मैले सोचें, महिला नेतृत्वमा आउनु भनेको महिला मात्र हुनु पनि त हैन। हामीले त समावेशी खोजेको हो। घर, समाज, संघ-संस्था र अफिस सबै स्थानमा महिला-पुरुष दुवै हुनु र मिलेर काम गर्नुमा परिणाम राम्रो हुन्छ

मैले पत्रकार महासंघ तनहुँको सचिवमा उम्मेदवारी दिंदा महिला सदस्यमा को बस्छ भनेर प्रश्न गरी मलाई सदस्यमा बस्न दबाब दिएदेखि मलाई आरक्षण मन पर्न छाडेको हो। तर मैले सचिव पद छाडिनँ। मलाई अहिलेसम्म आरक्षणले फाइदा हैन घाटा मात्र लगाएको अनुभव छ।

महासंघमा यसअघि महिलाले उपाध्यक्षसम्मको पद सजिलै सम्हालेका छन्। राधा बुढाथोकी, यशोदा तिम्सिना, अनिता बिन्दु, बाला अधिकारी एकसे एक सक्षम नाम हुन्। लक्ष्मी पुनले सचिव पद राम्ररी चलाएर विदा भएको उदाहरण छ। अघिल्लो पटक नै पत्रकार महासंघको दुई ठूला जिल्ला धनुषा र कास्कीमा मनिका झा र विमला भण्डारीले अध्यक्ष बनेर काम देखाइसकेका छन्।

यसपटक भने केन्द्र सहित चार वटा जिल्ला काठमाडौंमा शोभा अर्याल, मोरङमा सुशीला पाठक, रोल्पामा खुबिना सुनारी मगर र मुस्ताङमा सुनदेवी रसाइली महिला अध्यक्ष बनेका छन्। कोशी प्रदेशमा हिमा चेम्जोङ र गण्डकी प्रदेशमा जमुना शर्मा महासचिव बनेका छन्।

एक्लै महिला बागी उठ्ने हिम्मत समेत अमृता अनमोलले देखाइन् र राम्रो मत समेत ल्याइन्। यसरी महिलाले साहस गरेर बाटो बनाएपछि नै अर्को महिलालाई त्यही बाटो हिंड्न सजिलो हुन्छ। संघ-संस्थामा काम गर्नु त परको कुरा कार्यक्रममा जाँदा समेत पत्रकार महिला भेटिंदैनथे र आयोजकलाई एक जना महिला बोलाउन समेत अप्ठ्यारो पर्थ्यो।

म स्याङ्जामा कान्तिपुर दैनिकको रिपोर्टर थिएँ। दशैंमा नेपाली सेनाले आयोजना गरेको साँझको चियापान कार्यक्रम थियो। सरकारी कार्यालयका प्रमुखदेखि पत्रकारसम्म थिए। मेजरले भने, 'वसन्तीजी, तपाईंलाई एक्लै आउन अप्ठ्यारो होला, एक जना साथी

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# एक सय दिनको काममा १० वटा नितीगत सुधार र ६ वटा महत्वपूण उपलब्धी

विराटनगर । भौतिक पूर्वाधार विकास मन्त्री माननीय भूपेन्द्र राईले आफूले मन्त्रालयमा नियुक्त भएपछि एक सय दिनमा १० वटा नितीगत सुधार र ६ वटा महत्वपूर्ण उपलब्धी गरेको पत्रकार सम्मेलन गरी जानकारी गराउँनु भएको छ ।

१० वटा नितिगत सुधार र ६ वटा महत्वपूर्ण उपलब्धीहरु पूर्णपाट यस प्रकार रहको छ ।

मन्त्री स्तरीय निर्णयबाट भएका नितीगत सुधार :

१. जहाँ रुग्ण आयोजना त्यहाँ मन्त्री मन्त्रालय मातहतका विभिन्न पूर्वाधार विकास

कार्यालयहरुबाट संचालन भएका तर अपेक्षित प्रगति हासिल हुन् नसकेका आयोजना हरुको अनुगमन तथा मुल्यांकन साथै सार्वजनिक सुनुवाई स्थलगत रुपमा गर्ने २०८१ कार्तिक ८ गतेको निर्णयबाट गरिएको ।

२. झोलुंगे पुल स्थान्तरण : प्रदेश भित्र विभिन्न नदी तथा खोलाहरुमा रहेका झोलुंगे

पुल हरु नजिक पक्की पुल निर्माण भइ प्रयोग बिहिन तथा जिर्ण भएका झोलुंगे पुलहरु स्थान्तरण गरि आवश्यक स्थानमा निर्माण गर्ने २०८१ कार्तिक ८ गतेको निर्णयबाट गरिएको ।

३ . प्रादेशिक सडक संजाल सुची: प्रदेश सरकारका रणनैतिक सडक संजाल पहिचान र वर्गिकरणका लागि प्रदेश सार्वजनिक सडक ऐन २०७७ को मापदण्ड अनुसार प्रादेशिक सहायक लोकमार्ग अन्तरगत ९६ वटा सडक (३१६३.५८ कि.मि.) र प्रादेशिक मार्ग २८९ वटा ( ५८१५.५० कि.मि.) सडक प्रादेशिक सडक संजाल सुची २०८१ कार्तिक ९ गतेको निर्णयवाट प्रकाशित गरिएको ।

४. विपदबाट भएको क्षतिको विवरण संकलन २०८१ साल असोज १० देखि १२ गते सम्म निरन्तर परेको वर्षाको कारण क्षति भएका सडक, सडक पुल, र झोलुंगे पुलमा पुगेको क्षतिको विवरण संकलन गर्ने कार्य सम्पन्न भएको छ, उक्त वर्षाको



भौतिक पूर्वाधार विकास मन्त्री माननीय भूपेन्द्र राईल

कारणले कोशी प्रदेशको भौतिक विकासमा करिव चार अर्व त्रिसठी करोड पचास लाख बराबरको क्षति भएको छ ।

५. कोशी रिफ्रेसमेन्ट सेन्टर : प्रदेश सरकारको एक महत्वपूर्ण आयोजना कोशी रिफ्रेसमेन्ट सेन्टरलाइ प्रदेश सरकारको बजेटले मात्र संचालन गर्न कठिन हुने भएकोले निजी क्षेत्रलाई हस्तारण गर्न प्रदेश लगानी सम्मेलन २०८१ को आयोजना सोकेशमा राखे मन्त्रीपरिषदको निर्णय बमोजिम २०८१ कार्तिक २९ को निर्णयबाट गरिएको ।

६. सडक सुरक्षा कार्यक्रम: प्रदेश भित्रका केहि महत्वपुर्ण सडकहरुमा सडक सुरक्षा

कार्यक्रम लागु गर्न सडक पहिचान गरी सडक सुरक्षा कार्यक्रम संचालन गर्ने २०८१ पौष २ गतेको निर्णयबाट गरिएको ।

७. वार्षिक प्रगति प्रतिबेदन २०८०/२०८१ : मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन २०८०/२०८१ प्रकाशन को निर्णय भइ प्रकासनको चरणमा रहेको छ, साथै आ.वा. २०८१/२०८२ को प्रथम त्रैमासिक प्रगति समिक्षा २०८१ कार्तिक १३ गते सम्पन्न भएको ।

८. बिपदबाट भएको क्षतिको विवरण संकलन २०८१ साल असोज १० देखि १२ गते सम्म निरन्तर परेको वर्षाको कारण क्षति भएका सडक, सडक पुल, र झोलुंगे पुल मा पुगेको क्षतिको विवरण संकलन गर्ने कार्य सम्पन्न भएको छ, उक्त वर्षादले कोशी प्रदेशको भौतिक विकासमा करिव चार अर्व त्रिसठी करोड पचास लाख बराबरको क्षति भएको छ ।

९. संगठन तथा व्यवस्थापन सर्वेक्षण मन्त्रालयको मौजुदा संगठन संरचना तथा दरबन्दीमा वर्तमान आवश्यकता र औचित्यको आधारमा पुनराव लोकन वा हेरफेर गर्नको लागी संगठन तथा व्यस्थापन सर्वेक्षण गर्ने निर्णय भइ कार्यान्वियनको चरणमा रहेको ।

१०. आन्तरिक नियन्त्रण प्रणाली मन्त्रालय र मातहतका कार्यालयबाट सेवा प्रवाहलाई र कार्य सम्पादनमा कानुनको पालना गर्न, दक्षता, प्रभावकारिता र जवाफदेहिता अभिवृद्धि गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मिति २०८१ असोज २ गतेको निर्णयबाट लागु गरिएको ।

महत्वपूर्ण उपलब्धिहरु :

१. म मन्त्री पदमा नियुक्त भई पदभार सम्हालेको २४ दिनमा पत्रकार सम्मेलन मार्फत मन्त्रालयको यथार्थ अवस्थाको सार्वजनिक गरिएको ।

२. रुग्ण आयोजनाको स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्ने निर्णय भएको २ दिन पछि २०८१ कार्तिक १० गते नै "महेन्द्र नगरको बांगेबाट हल्दिया कालाबन्जर तीन कुने भलुवा चौरी हुदै धरान जाने सडक" सुनसरी र "धरान १५ निरज बस्ति हुदै हल्दिया पेलपुर ढाडे कन्या पोखरी सडक धरान न. पा. १,४,५, सुनसरी" सडकको स्थलगत अनुगमन र निर्णय भइ हाल दुवै सडक कालोपत्रे गर्ने कार्य तिव्र गतिमा अगाडी बढिरहेको छ । यस्तै तेश्रो दिन २०८१ कार्तिक ११ गते प्रदेश सरकारको गौरबको आयोजना कोशी रिफ्रेसमेन्ट सेन्टरको स्थलगत अनुगमन गरी प्रदेश सरकार लगानी सम्मेलन २०८१ मा आयोजना सोकेशमा राखे निर्णय समेत भइ सकेको ।

३. प्रदेश सरकारको सबै भन्दा लामो सडक पुल खोटाङ जिल्ला जन्तेढुंगा - १ देबिस्थान स्थित बुवाखोला पक्की पुलको २०८१ कार्तिक ६ गते शिल्यान्यास गर्ने कार्य सम्पन्न भई हाल प्रारम्भिक चरणको ढलान कार्य सम्पन्न भएको ।

४. "साधु धारा बिहीबारे हुदै माङहिम कृषि सडक स्तोरोउन्ति ताप्लेजुङ" सडकको स्थलगत अनुगमन तथा सार्वजनिक सुनुवाइ २०८१ मङ्सिर २७ गते गरी विवादको निराकरण गरिएको । त्यस्तै ५० बेडको ताप्लेजुङ जिल्ला हस्पिटल स्थलगत अनुगमन गरी २०८१ मङ्सिर २७ गते सार्वजनिक सुनुवाई गरिएको ।

५. प्राकृतिक प्रकोप २०८१ असोज १० देखि १२ गते सम्म अविरल परेको वर्षाले पुर्याएको क्षति झापाको बिरिङ खोला पक्कि पुल, पाचथरको हेवा खोला र फेमे खोला पक्कि पुल, खोटांङ र उदयपुर जोड्ने दुधकोशी फोक्सिङटार पक्कि पुल, धाप्लांगघाट, बन्सिलाघाट लगाएतका स्थानमा स्थलगत अनुगमन गरिएको ।

६. म मन्त्री भएको १०० औं दिन २०८१ पौष ६ गते खोटाङको रसुवाघाट देखि सिम्पानी हुदै पान्धारे कालोपत्रे सडक निर्माण कार्य शुभारम्भ गरिएको ।

कानुनी रुपमा सुधार : प्रदेश भवन ऐन २०७६ लाइ संसोधन "प्रदेश भवन ऐन २०७६ लाइ संसोधन गर्न बनेको बिधेयक २०८१" को प्रारम्भिक संसोधन मस्यौदा र "प्रदेश भवन ऐन २०७६ को तीन महले विवरण" तयार गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रायका लागि २०८१ मङ्सिर १६ गते पेश भएको । फोहरीस देखाएका छन् ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


# चार जिल्लाबाट लागुऔषध सहित ११ पक्राउ

बिराटनगर । झापा, सुनसरी, मोरंग र उदयपुरबाट लागुऔषध सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पुस ११ गते झापाको बिर्तामोड नगरपालिका-१ बस स्टेण्ड स्थितमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले ६ जनालाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा इलाम सुर्योदय नगरपालिका-८ का २८ बर्षीय सुमित श्रेष्ठलाई ६ ग्राम १५० मिलिग्राम ब्राउन सुगर सहित र दमक नगरपालिका-४ का २१ बर्षीय सन्देश राईलाई १ ग्राम २०० मिलिग्राम ब्राउन सुगर सहित झापा गाउँपालिका-४ बाट इलाका प्रहरी कार्यालय कुमरखोदले पक्राउ गरेको थियो ।

सुनसरीको ईनरुवा नगरपालिका-२ का २५ बर्षीय अजय कुमार मण्डललाई २७० मिलिग्राम ब्राउन सुगर सहित जिल्ला प्रहरी कार्यालय सुनसरीले र बराहक्षेत्र नगरपालिका-२ का २६ बर्षीय बिज्ञान राईलाई प्रतिबन्धित औषधी ट्रामाडोल ९१ ट्याब्लेट सहित इलाका प्रहरी कार्यालय चतराबाटले नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को.१ प ११६२ नम्बरको मोटरसाईकल सहित बेलका-२ का २४ बर्षीय प्रमोद चौधरी र २६ बर्षीय रोशन चौधरीलाई २ किलोग्राम गाँजा सहित नियन्त्रमा लिएको थियो ।

त्यसैगरी पुस १० गते झापाको भद्रपुर नगरपालिका-५ मेचीपुल स्थितमा लागुऔषध नियन्त्रण ब्युरो र मेची पुल बिटबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा अर्जुनधारा नगरपालिका-२ का ४६ बर्षीय जीत नारायाण श्रेष्ठलाई १ ग्राम २१ मिलिग्राम ब्राउन सहित नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय पकली सुनसरीले ९० मिलिग्राम ब्राउन सुगर सहित इटहरी-१८ का ५९ बर्षीय महिद मिया र उनकै ३० बर्षीय छोरा इब्राम मियालाई पक्राउ गरेको थियो ।

अस्थायी प्रहरी चौकी तीनकुनेले धरान-८ का ३० बर्षीय संजोग तामाङ र २४ बर्षीय रुक्सन पाखिनलाई २०६ चक्की ट्रामाडोल र स्पासपेन सहित पक्राउ गरेको थियो ।

मोरङको सुनवर्षी नगरपालिका-६ स्थितमा बेबारिसे अबस्थामा रहेको २५ किलोग्राम लागुऔषध गाँजा प्रहरी चौकी झपडतलले बरामद गरेको थियो । लागुऔषध सहित पक्राउ परेका मानिसको वारेमा सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ ।

# नयाँ विद्यार्थीलाई स्वागत

विराटनगर । साउथ एसियन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (सास्थम) कलेजले क्रिसमसको अवसर पारेर नयाँ भर्ना भएका विद्यार्थीहरुलाई स्वागत गरेका छन ।

पूर्वाञ्चल विश्वविद्यालय बाट सम्वन्धन प्राप्त सास्थम कलेजले बीएचएम र बीबीए तथा मास्टर्स तर्फ एमबीएको अध्यापन गराउँदै आएको कलेजले सो कलेजमा भर्ना भएका बीएचएम र बीबीएका नयाँ विद्यार्थीलाई स्वागत तथा क्रिसमस कार्यक्रम मनाएको क्याम्पस प्रमुख विनय विष्णु केसीले जानकारी गराए ।

सो कार्यक्रममा विध्यार्थी हरुले आफनो विभिन्न कला हरुलाई प्रस्तुत गरेका थिए । बीएचएम र बीबीएका विध्यार्थीहरुले आफनो भाषा कला र सस्कृति झल्कने पोषाकमा विभिन्न सास्कृतिक कार्यक्रम समेत गरेका थिए । पूर्वाञ्चल विश्व विद्यालयबाट स्वीकृत प्राप्त भएको उक्त विद्यालयले प्रत्येक वर्ष होटल म्यानिजमेन्टको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ ।

स्वागत कार्यक्रममा बोल्दै कलेज प्रमुख केसीले विध्यार्थीमा रहेको प्रतिभालाई सास्कृतिक प्रस्तुती मार्फत प्रस्तुत गरिएको जानकारी गराए । कलेजले बीएचएमका विद्यार्थीहरुलाई नेपालसहित जापान, दुवई, बराइन, माल्दिभ्स लगायतका देशका स्टार होटलहरुमा इन्टर्नका लागि पठाउँदै आएको छ ।

कार्यक्रममा सास्थम कलेजका वि एच एम डाइरेक्टर सैलेन्द्र गणेश लगायत अन्य शाखा प्रमुखहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



# रेवन्त रुक्मणी मेमोरियल बिराट इन्स्टिच्युटद्वारा विजय सुचक घण्टी उद्घाटन

विराटनगर । मोरंगको बुढिगंगा-२, टंकि सिनुवारी रहेको रेवन्त-रुक्मणी मेमोरियल बिराट क्यान्सर इन्स्टिच्युट द्वारा ।"विजय सुचक घण्टी" समुद्घान गरेको छ ।

विराट मेडिकल कलेजको १० औं बार्षिकोत्सवको अवसर पारेर विजय सुचक घण्टी कार्यक्रमको शुभारम्भ गरिएको हो ।



बिरामीहरुले क्यान्सरसँग लड्न देखाएको हिम्मत र शक्तिका कारण प्राप्त गरेको जितको सम्मान र अन्य बिरामी, चिकित्सक, स्वास्थ्यकर्मी र परिवारको सदस्यहरुको प्रेरणा र थप उर्जा प्रदानका लागि बेल अफ सेलिब्रेसन कार्यक्रम ल्याईएको अस्पतालले जनाएको छ ।

क्यान्सर बिरामी भित्रको अविश्वास र कमजोर मनोवललाई तोडेर आत्मशक्ति र आत्मक्षमता सहितको साहसलाई प्रतिनिधित्व गर्ने विराट क्यान्सर इन्स्टिच्युटले जनाएको छ ।

विजय सुचक घण्टी क्यान्सरका बिरामीको उपचार शुरु गर्दा वा उपचार सकिएपछि, स्वास्थ्य लक्ष्यहरु हाँसिल गर्दा वा दुखाई मुक्त हुने दिन, नयाँ अवसर जस्तै क्लिकल ट्रायलमा सहभागि हुँदा, पारिवारिक कार्यक्रमहरु वा व्यक्तिगत विजयमा, रोग स्थिर रहेको छ र अगाडी बढेको छैन भन्ने खवर पाएको वेला, उपचारले सकारात्मक प्रभाव देखाएको उत्सवमा र प्रत्येक दिनको जीवनलाई पूर्णताले जिउने उत्सवमा बजाईने विराट नर्सिङ होमका प्रमुख कार्यकारी अधिकृत डा. निकिता कार्कीले जानकारी गराए ।

गत वर्षको माघ २१ देखि क्यान्सरको उपचारमा पहुँचको दुरीलाई बन्द गरौं भन्ने नाराका साथ शुरु भएको इन्स्टिच्युटबाट ३० हजारले बहिरंग सेवा लिएका छन् । दुई हजारले सर्जरी सेवा लिएको बताए । कोशी प्रदेशका १ सय ६० स्थानमा गरिएको स्क्रिनिङ शिविरबाट १२ हजारले सेवा लिएको डा. कार्कीले वताए ।

कार्यक्रममा विराट मेडिकल कलेज शिक्षण अस्पतालका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्रमानसिंह कार्कीले क्यान्सरलाई अवसरका रुपमा हिँड्न सके रोगलाई जित्न सकिने भन्दै क्यान्सरको उपचार निशुल्क गर्न आवसश्यक रहेको बताए। उहाँले राज्य संवेदनशिल भएर सरकारी र निजीलाई हेर्ने एउटै दृष्टिकोण बनाए निजी क्षेत्रले पनि सरकारलाई सहयोग गर्ने तयार रहेको बताए ।

डा. कार्कीले भन्नुभयो,' निजी अस्पतालहरु पनि राज्यकै हो भन्ने कुराको विकास हुन सकेन ।' क्यान्सर पीडितका लागि सरकारले दिने १ लाख रुपैयाँ कम भएको उहाँको भनाई छ । डा. कार्कीले नेपालभरिका जुनसुकै क्षेत्रका चिकित्सक विरामी भएर उपचार गर्न नसक्ने अवस्थामा पुगेकाहरुलाई निशुल्क रुपमा उपचार गरिदिने समेत प्रतिवद्वता जनाए । उहाँले भन्नुभयो,' चिकित्सक विरामी भएर उपचार गराउन नसकेर चन्दा मागेर उपचार गराएको देख्दा दुःख लाग्यो ।' मागेर उपचार गराउनु पर्ने अवस्थाका चिकित्सकको निशुल्क उपचार हामी गर्छौ उहाँले भन्नुभयो ।

इष्टर्न क्यान्सर सर्भाइभर सपोर्ट ग्रुपका सदस्य कमल पौडेलले हौसलाले रोग जित्न सकिने बताए। उहाँले क्यान्सर रोगको भ्रमका कारण मानिसहरु क्यान्सर शब्दले नै थिचेर मार्ने हो की भन्ने लागेको उहाँको भनाई छ । ब्लड क्यान्सर मुक्त हुनु भएका पौडेलले विरामीलाई हौसला आवश्यक रहेको वताए ।

इन्स्टिच्युटमा उपचार गराउनु भएका बिरामीहरु मध्ये आर्थिक अवस्था कमजोर भएका ६ जना विरामीलाई र बाँकी अन्य बिरामीहरुलाई उपचारमा सहयोग पुग्ने उद्देश्यहेतु प्रदान गरिएको थियो । यसरी प्राप्त भएको रकमबाट आफ्नो बाइन्स्टिट्युट को क्यान्सर विरुद्धको लंडाईको यो जोश यतिमै टुङ्गिएको छैन । गत फागुन १७ गते नेपाल भरिकै क्यान्सर विरामीहरुलाई हवाई टिकट निःशुल्क उपलब्ध गराउने गरी यती एअरलाइन्स र विराट क्यान्सर इन्स्टिच्युट बीच सम्झौता पत्रमा हस्ताक्षर भयो। हाल यहि सम्झौता अनुसार विरामीहरुले सुविधा निरन्तर पाईरहनु भएको डा. कार्कीले वताए ।

क्यान्सरका बिरामीको उपचार संगसंगै हौसला प्रदान गर्न र हाम्रा स्वास्थ्यकर्मीहरुले दिनुभएको हेरचाह र समर्पण संगै बिरामीहरुले क्यान्सरसँग लड्न देखाउनुभएको हिम्मत र शक्तिका कारण प्राप्त गर्नुभएको जितलाई सम्मान र अन्य बिरामी, चिकित्सक स्वास्थ्यकर्मी, परिवारका प्रत्येक सदस्यकालागी प्रेरणा र थप उर्जा प्रदान गर्ने उद्देश्यका साथ हामीले ल्याएका छौ यो "विजय सुचक घण्टी"ल्यएका छौ । यसले प्रत्येक बिरामी भित्रको अविश्वास र कमजोर मनोबललाई तोडेर आत्म शक्ति, आत्मविश्वास र आत्मक्षमता सहितको अधम्य र अद्धभुत साहासलाई प्रतिनिधित्व गर्ने छ भनी विश्वास लिएको डा.कार्कीको भनाइ थियो ।

# पत्रकारिता मर्यादित हुनपर्छ : मुख्यमन्त्री कार्की

विराटनगर । पत्रकारित स्वच्छ, मर्यादित एवं सशक्त हुनु पर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले वताउनु भएको छ ।

नेपाल पत्रकार महासंघ मोरङ शाखाका कार्य समितिका नवनिर्वाचित पदाधिकारीहरुको प्रमाणपत्र वितरण तथा पद हस्तान्तरण समारोहमा सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले पत्रकारहरुको सामुहिक हक, हित र अधिकारको रक्षा गर्ने संस्था नेपाल पत्रकार महासंघको नेतृत्व सर्वसहमतिमा तय हुनु पर्ने धारणा राखेका थिए । उहाँले सहमति, सहकार्य र एकताबाट असल नेतृत्व छान्ने काम भए खर्च कम समेत हुने बताउनु भयो ।

मुख्यमन्त्री कार्कीले विकास र समृद्धिको यात्रालाई पूरा गर्न पत्रकारित क्षेत्र सत्य एवं तथ्यमा आधारित हुनु पर्ने भन्दै संविधानको सर्वोच्चता, मानवअधिकार, लोकतन्त्रका निम्ति नेपाली पत्रकारिता क्षेत्र एकजुट भएर लाग्नु पर्ने विचार राख्न व्यक्त गरेका थिए ।

मुख्यमन्त्री कार्कीले आगामी हिउँदे अधिवेशनमा सञ्चार प्रतिष्ठान विधेयकसहित थप अन्य विधेयक सदनमा ल्याउने जानकारी दिँदै पत्रकारहरुको वृति विकासका लागि प्रदेश सरकारले लागनी गर्ने जनाएका छन ।

प्रदेश सरकार आफैले लगानी सम्मेलन गर्ने बताउँदै मुख्यमन्त्री कार्कीले लगानी सम्मेलनबाट कृषि, पर्यटन र उर्जाका क्षेत्रमा ५० औं अर्ब रुपैयाँ भित्रिने अनुमान रहेको बताउनुभयो । लगानी सम्मेलनपछि कोशी प्रदेश भ्रमण वर्ष सुरु हुने र त्यसपछि अन्तर्राष्ट्रिय चिया सम्मेलन आयोजना गर्ने बताउँदै मुख्यमन्त्री कार्कीले भन्नुभयो- 'यो सबै कामहरु प्रदेशको सम्बृद्धि र विकासका लागि भएकोले पत्रकारहरुले पनि यसको प्रचार प्रसारमा हातेमालो गरेर अगाडि बढ्नु पर्छ ।'

कार्यक्रममा महासंघका कोशी प्रदेशका संस्थापक अध्यक्ष एवं मुख्यमन्त्री कार्कीका प्रेस सल्लाहकार विक्रम लुइँटेल, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष लीलावल्लभ घिमिरे, पत्रकारहरु मोहन भण्डारी, यज्ञ शर्मा लगायतले पनि नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल सफलताको शुभकामना दिनुभएको थियो ।

# हर दुःख-सुखमा प्रहरीलाई सहयोग गर्ने प्रतिवद्धता

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले जिल्ला प्रहरी कार्यालय मोरङको निरीक्षण भ्रमण गर्नु भएको छ ।

सोमवार निरीक्षण भ्रमणको क्रममा वहाँले "हर दुख:सुखमा प्रहरीको साथ र सहयोग गर्ने प्रतिवद्दता" व्यक्त गर्नु भएको थियो । वहाँले जिल्ला प्रहरी कार्यालय मोरङमा रहेका विभिन्न शाखाहरु लगायत हिरासत कक्षको निरीक्षण गर्नु भएका साथै प्रदेश प्रहरी प्रमुख अधिकारीले जिल्ला प्रहरी कार्यालय मोरङ तथा मातहत इकाई प्रमुखहरु सहित कार्यरत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशनको क्रममा प्रहरी संगठनले दिएको जिम्मेवारी वहन गरी संगठनको अपेक्षा बमोजिम प्रस्तुत हुन र व्यवसायिक जिम्मेवारी वहन गर्दा आईपर्ने समस्या र चुनौतीहरुलाई आफ्नो धर्म र कर्तव्य ठानेर न्यायिक तवरले आफ्नो पदिय दायित्व निर्वाह गर्न उपस्थित सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका थिए ।

प्रहरी कर्मचारीहरुले अनुशासनको पालना गरी भातृत्व भावका साथ सभ्य र सबैलाई स्विकार्य हुने व्यवहार गरी जन मैत्री प्रहरी सेवा प्रदान गर्नु पर्ने बताउदै प्रदेश प्रहरी प्रमुखको हैसियतले आफुले कुशल अभिभावकको जिम्मेवारी वहन गर्दै हर दुखः सुखमा कोशी प्रदेशमा कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुको साथ र सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरेका थिए ।

निरीक्षण भ्रमणको क्रममा जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरीयाले प्रदेश प्रहरी प्रमुख अधिकारीलाई मोरङ जिल्ला मा स्वागत गर्नुका साथै मोरङ जिल्लाको समग्र शान्ती शुरक्षाको अवस्था, जनशक्ती व्यवस्थापन, भावी कार्य योजना, सुरक्षा चुनौतीहरु र प्रदेश प्रहरी कार्यालय संगको अपेक्षा सहितको प्रस्तुतीकरण गर्नु भएको थियो ।




**ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।**

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# सञ्चार माध्यमको महत्वपूर्ण भुमिका



बिराटनगर । शान्तिसुरक्षा कायम राख्न संचार माध्यमको महत्वपुर्ण भुमिका रहेको कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक राजन अधिकारीले वताएका छन ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा पत्रकारसँगको भेटघाट तथा परिचयात्मक कार्यक्रम सो कुरा वताएको हो ।

भेटघाट कार्यक्रममा अधिकारीले विद्यमान ऐन कानूनको परिधिमा रही कानूनद्वारा निर्दिष्ट कार्यहरुको सफल कार्यान्वयन तथा संगठन प्रमुख प्रहरी महानिरीक्षक समक्ष भएको सम्झौता अनुरुप कोशी प्रदेशमा शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउनुका साथै अपराध नियन्त्रण, घटित अपराधको सफल अनुसन्धान गरी पिडकलाई कानुनि दायरामा ल्याउन तथा पिडितलाई न्यायको अनुभुति दिलाउनुका साथै लागु औषधको प्रयोग तथा ओसार पसार नियन्त्रणको लागि समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने महानिरीक्षक अधिकारी बताए ।

कार्यक्रममा प्रदेश प्रहरी प्रमुख अधिकारीले संचारकर्मी हरुबाट उठेका विविध जिज्ञासा हरुको जवाफ दिदै सञ्चार कर्मीहरूबाट आएको सुझावलाई आत्मसात गर्ने वताए ।

## नेतृत्वमा...

लिएर आउनु न ।'

एक्लै म जान सक्थें तर पनि मैले एक गैरसरकारी संस्थामा काम गर्ने साथी लिएर गएँ । सहायक सिडिओले मदिरा सेवन गरेर मेरी साथीलाई 'तपाईंले पानी खाएको तरिका नै वाइन खाने जस्तो' भनिरहे । मेरी साथीलाई बेलाबेला यसो भन्दा मलाई नराम्रो लाग्यो । अहिले सम्झन्छु त्यो पनि एक किसिमको हिंसा थियो ।

फेरि म काम गर्न पोखरा आएँ । महिला नेतृत्वमा हुनुले महिलालाई कसरी रातिको कार्यक्रम समेत सहज बन्छ भन्ने पहिलो पटक अनुभव मैले प्रहरी प्रमुख भएर पोखरामा पार्वती थापा हुँदाको कार्यक्रम थियो । अफिस होस् या फिल्डमा धेरै पुरुषहरू हुँदा बोल्ने भाषा उनीहरूलाई सामान्य लाग्ने तर हामीलाई असामान्य लाग्नेदेखि दुई अर्थ लाग्ने शब्द सुन्दा हुन सक्ने सम्भावित हिंसाको लागि लड्न र बोल्न दिमाग तयार गरेर बस्नुपर्ने हुन्थ्यो ।

यसपटक पत्रकार महासंघमा मत गन्दा मदिरा सेवन गरेर आएका केही पुरुष पत्रकार समेत धेरै महिला देखेपछि लाजले निस्किएर हिंडेको अनुभव पत्रकार कमला पन्थीले सुनाउँदा सविता शर्माले भनिन्, 'मलाई रात र दिन उस्तै लाग्छ, हिंड्न डर लाग्दैन तर वातावरणले हो असहज हुने ।' सलोजा दाहाल ज्वरो आउँदा समेत रातभर महासंघमा थिइन् ।

सबै ठाउँ असुरक्षित मात्र थिएनन् । राति २ बजेसम्म काम गर्ने स्थान पनि अरू केही चिन्ता गर्न नपरी काम गर्न सक्ने थिए तर धेरै अनुभव सहज छैनन् । जब म सञ्चारिका समूह पश्चिमाञ्चलकी अध्यक्ष थिएँ, त्यस समय जहिले पुरुषहरू बस्ने बैठक र लगिने यात्रामा महिला पत्रकारलाई समावेश गरिदैनथ्यो ।

त्यसपछि मैले महिला पत्रकारलाई पनि जान सक्ने वातावरण हुनुपर्छ भनेर भनिरहें । पश्चिमाञ्चल होटल संघले वर्षेनि 'जाउँ है पोखरा' कार्यक्रम सञ्चालन गर्थ्यो । त्यो यात्रा भारत र देशका विभिन्न स्थानमा हुन्थ्यो । एक जना पत्रकारले फोन गरेर भने 'वसन्ती, तिमीले त्यसमा महिला पत्रकार नि हुनुपर्छ भनेको रहेछौ । तिमीहरू नजाऊ ल !'

मैले सोधें, 'किन नजाने ?' उनले भने, 'केटाहरू रक्सी पिएर बवाल गर्छन् ।' ल भन्नुहोस् रक्सी खाएर बवाल गर्ने वातावरण कसले सिर्जना गर्‍यो ? के यसरी पर्यटन प्रवर्द्धन हुन्छ त ? मातेर रक्सी खान नपाइने, छाडा शब्द बोल्न नपाइने कारण महिला पत्रकारलाई धेरै अवसर र कार्यक्रमबाट वञ्चित गरिन्छ ।

यो कुरा १७ वर्षपछि फेरि मैले सम्झिएँ, जब अनिता विन्दु प्रेस युनियन अध्यक्षको चुनाव लड्दै थिइन् । राति १२ बजे बोलाएर सडकमा अनिता आउँछ ? उनको कमजोरी यति मात्र देखाइयो । त्यसपछि पत्रकार महासंघको चुनाव आयो । धेरैले भने १२ बजे रक्सी पिएर निर्मला शर्मालाई फोन गर्न मिल्दैन ।

यो पनि कुनै उम्मेदवार छनोट गर्ने मापदण्ड हो ? रक्सी पिएर किन फोन गर्नु ? काम परेपछि रातको १२ होस् या २ बजे किन नहोस् फोन गर्नलाई महिला या पुरुष हेर्नुपर्दैन । हामीलाई पनि काम गर्दा समाचार छाप्नु अगाडि द्विविधा हुँदा राति २ बजे डेस्कबाट फोन आएको अनुभव छ । मैले नै त्यही समयमा समाचारको स्रोत पुरुषलाई फोन गरेकी छु ।

जनजाति, दलित, आदिवासी, तेस्रोलिङ्गी सबैको सहभागिता र आवाज समेटिनुपर्छ । हामीले जसरी अपनत्व अनुभव गर्‍यौं त्यसरी नै सबैले अपनत्व लिन सक्ने महासंघ बनोस् ।

मलाई डेस्कबाट फोन गर्ने र मैले फोन गर्ने दुवै पुरुष थिए । २० वर्ष पहिले हामीले गरेको अभ्यासलाई अझै एजेण्डा बनाइरहेको देख्दा मलाई अचम्म लाग्छ । यी सबै स्थितिबाट माथि उठेर क्षमतालाई विश्वास गर्ने पुरुष बढिरहेका छन् । यसको उदाहरण हो अहिले पत्रकार महासंघको अध्यक्षमा महिलाले जित्नु ।

भन्नेले भन्छन् पनि प्रेस चौतारी र प्रेस युनियन मिलेर जिताए । तर दुवै संगठनले मान्नु पनि महिला नेतृत्व स्वीकार गर्नु हो । यस पटक प्रेस युनियनका अध्यक्ष शिव लम्साल र प्रेस चौतारी अध्यक्ष गणेश बस्नेतको सुझबुझलाई मान्नैपर्छ । त्यसमा साथ सहयोग सबैको थियो । उम्मेदवारले जितेको घोषणा कार्यक्रममा माला लगाइदिंदै बधाई दिनेमा कार्यवाहक अध्यक्ष बाला अधिकारी थिइन् ।

उनी महिला कोटाको उपाध्यक्षमा निर्वाचित थिइन् । तर, खुल्ला कोटाका अध्यक्ष र उपाध्यक्षले सम्हाल्न नसकेको महासंघ लाई सम्हालेर जसरी उनले चुनाव गराइन् यो सानोतिनो काम थिएन । घरी-घरी त लाग्थ्यो यो सञ्चारिका समूहकै कार्यक्रम त हैन ?

तर जेहोस् यस पटक चुनावदेखि मतगणना र नतिजा प्रकाशित कार्यक्रम सम्म रातभर महिला बढी भएको, उनीहरू नडराएको, डराएका एक दुई पनि बसेको देख्दा हामीलाई लाग्यो पत्रकार महासंघ पनि पहिलो पटक हाम्रो संस्था भयो ।

'दिदी महासंघमा बिग्रेको त धेरै रहेछ, जिते पनि बनाउन त गाह्रो पो छ त !' मैले भनें पनि । पानी नभएको शौचालय, मधुरो बत्ती देखेर पत्रकार महिला भन्दैथिए, 'व्यवस्थित हुन त महिला नै चाहिन्छ के ! अफिस राम्रो त महिलाले बनाउँछन् ।'

यसको मतलब पुरुषले सबै बिगारे या उनीहरू सक्षम थिएनन् भन्ने होइन । चुनावमा आएका सबै उम्मेदवार महासंघलाई चाहिने र सक्षम थिए । उनीहरूको वर्षौंदेखिको योगदानलाई कदर गर्दै महिला-पुरुष मिलेर पत्रकारको पक्षमा काम गर्ने संस्था बनाउने भन्ने हो ।

मलाई लाग्छ पुरुषसँग मात्र वा महिलासँग मात्र काम गरेको अनुभव दुवै पर्याप्त छैन । म तनहुँ र स्याङ्जामा रिपोर्टर हुँदा होस् या पोखरा अफिसमा रहँदा सबै पुरुष नै थिए । विकट स्थानमा त पुरुष पनि नभई एक्लै फिल्ड गएका अनुभव धेरै छन् ।

हामी सञ्चारिका समूहको केन्द्रमा काम गर्दा दुई/तीन जना पुरुष बाहेक सबै महिला थिए । कहिलेकाहीं पुरुष एक्लै पर्थे । उनीहरूलाई हामी वर्थडे, वेबिसावर र निबुवा साँध्ने बेला समूहमा बोलाउँथ्यौं तर उनीहरू विरलै आउँथे । हामीले खानेकुरा कोठामा नै लगिदिन्थ्यौं । हामी पुरुषको समूहमा हुँदा खाजा खाने साथी समेत पाइँदैनथ्यो । उनीहरू आफ्नो समूह बनाएर गइहाल्थे ।

कोही खाजा खान जान बोलाउन चाहन्थे तर कुरा काट्लान् भनेर डराउँथे । म सञ्चारिकामा हुँदा सोचिरहन्थें, किन हामीले यति बोलाउँदा नि उनीहरू कम आउँछन् र लजाउँछन् । हामीले भोगे जस्तो असहज वातावरण नभए तापनि पुरुषहरूलाई महिला बढी भएको ठाउँमा काम गर्न झन् गाह्रो भएको मैले देख्यें ।

महासंघमा अध्यक्षले बधाई लिंदै गर्दा नै उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष धेरै पुरुष निस्किसकेका थिए । मैले सोचें, महिला नेतृत्वमा आउनु भनेको महिला मात्र हुनु पनि त हैन । हामीले त समावेशी खोजेको हो । घर, समाज, संघ-संस्था र अफिस सबै स्थानमा महिला-पुरुष दुवै हुनु र मिलेर काम गर्नुमा परिणाम राम्रो हुन्छ । त्यसमा जनजाति, दलित, आदिवासी, तेस्रोलिङ्गी सबैको सहभागिता र आवाज समेटिनु पर्छ । हामीले जसरी अपनत्व अनुभव गर्‍यौं त्यसरी नै सबैले अपनत्व लिन सक्ने महासंघ बनोस् । नयाँ कार्यसमितिलाई बधाई र शुभकामना ! (बास्तोला सञ्चारिका समूहकी महासचिव हुन् ।) अनलाईन खबरबाट

# लागुऔषध गाँजा बोकेको गाडी सहित दुई पक्राउ



सुनसरी । सुनसरीको धरान उप-महानगरपालिका-४ स्थिबाट लागुऔषध गाँजा बोकेको ग.२ च ८११७ नम्बरको कार सहित २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पुस १२ गते विशेष सुचानको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट प्रहरी नायव उपरीक्षक प्रकाश जवेगुको कमाण्डमा खटिएको प्रहरी टोलीले धनकुटाबाट धरान तर्फ आउँदै गरेको ग. २ च ८११७ नम्बरको कारलाई रोकी चेकजाँच गर्ने क्रममा कारको डिकी भित्र प्लाष्टिकमा प्याक गरी लुकाई छिपाई राखेको ३७ किलोग्राम गाँजा वरामद गरेको थियो ।

गाँजा बरामद भए संगै कार र चालक उदयपुर वेलका नगरपालिका-९ का २३ बर्षीय तिर्थ दर्जी र कारमा सवार बराहक्षेत्र नगरपालिका-१ का ४० बर्षीय कृष्ण बिसुङ्के समेतलाई नियन्त्रणमा लिइ आवश्यक कानुनि कारवाही तथा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# विरुवा लिएर प्रस्थान



जनकपुर । भारतको उत्तर प्रदेशको फिरोजावाद जिल्लाको सिरसागञ्जमा निर्माणाधिन रामचरित मानस बाटिकामामा मिथिला बाटिका बनाईदैछ ।सो बाटिकाका लागि जनकपुरधामबाट विरूवाको माँग भएपछि दूईजनाको टोलीले विरुवा लिएर प्रस्थान गरेका छन ।

पर्यावरण अभियान्ता सुरेश शर्मा र सदीप मण्डलले विभिन्न जातका विरूवाहरू लिएर जनकपुरधामबाट मंगलवा प्रस्थान गरेको हो ।

बृक्षमानवका रुपमा चर्चित शर्मा मधेश प्रदेश वन निर्देशनालयमा कार्यरत रहेका छन् भने मण्डल दूधमती नदी सरोकार समाजका अध्यक्षका साथै सामुदायिक विद्यालयमा शिक्षक रहेका छन् । उहाँहरुले शिवलिङ्गी, रुद्राक्ष, चन्दन, रक्तचन्दन, तेजपात, आँप, बेल पारिजात र चम्पा लगायतका बोट विरूवा लगेका छन् ।

जनकपुरधामबाट बिरुवा लगिएको टोलीलाई डिभिजन वन कार्यालय धनुषामा प्रदेश सांसद रामअशिष यादव सहितका व्यक्तिहरुले विदाइ गरेका छन् । विदाइ अवसरमा प्रदेश वन निर्देशनालयका निमित प्रमुख सुजीतकुमार झा, डिभिजन वन कार्यालय धनुषाका डिएफओ विनोद सिंह, कमला बचाउ अभियानका संयोजक बिक्रम यादव सहितका व्यक्तिहरु सहभागि थिए ।

बिरुवाहरू रोपिए पश्चात् त्रेता युगकालीन दैविय, रमणीय र स्वच्छ वातावरणको अनुभूति दिलाउने जानकारी वृक्षमानव शर्माले दिएका छन् ।

भारतको उत्तर प्रदेशको इटावा जिल्लामा पर्ने प्रदेशकै प्रसिद्ध स्कुल पान कुवँर इन्टरनेसनल स्कुल द्वारा आयोजना हुने छात्र पर्यावरण संसदमा वृक्षमानव शर्माले प्रमुख अतिथिको रुपमा सम्बोधन समेत गर्ने भएको छ ।